# महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७८

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको हक हित र अधिकारको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुलाई आ.व. २०७८/७९ का लागि विनियोजन ऐनद्धारा स्वीकृत बजेटबाट कार्यक्रम सञ्चालन गर्न सामाजिक विकास मन्त्रालयले योजना तथा कार्यक्रम (सञ्चालन ) कार्यविधि, २०७८ को दफा १२ बमोजिम सामाजिक विकास मन्त्रालयले यो मार्गदर्शन स्वीकृत गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> यस मार्गदर्शनको नाम "महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७८" रहेको छ । यो मार्गदर्शन सामाजिक विकास मन्त्रालयले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

क. "कार्यालय" भन्नाले संस्था रहेको जिल्लाको स्वास्थ्य कार्यालय सम्झनु पर्छ ।

ख. "मन्त्रालय" भन्नाले प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ सम्झनु पर्छ

ग. "मार्गदर्शन" भन्नाले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७८ ।

घ. " संस्था" भन्नाले यस मार्गदर्शन बमोजिम सशर्त अनुदान पाउने दफा ३ बमोजिमका संस्था सम्झनु पर्छ ।

३. <u>अनुदान प्रदान गरिने:</u> यस मार्गदर्शन बमोजिम कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले कार्यालयमार्फत देहायका संस्थाहरुलाई निम्न बमोजिमको सर्शत अनुदान रकम उपलब्ध गराउनेछ ।

| सि.न. | कार्यक्रमको नाम | अनुदान प्राप्त गर्ने संस्था | अनुदान रकम (रु.) | अनुदानको उद्धेश्य |
|---|---|---|---|---|
| | | | | |
| १ | सहयोगापेक्षि सडक मानव उद्धार पुनर्स्थापना,उपचार तथा पुनर्मिलनका लागि अनुदान | मानवसेवा आश्रम विराटनगर | २०,००,०००/ | प्रदेशमा रहेका सहयोगापेक्षि सडक मानवहरुको उद्धार तथा पुनर्स्थापन उपचार पुनर्मिलन गर्ने तथा उद्धार पछिको संरक्षणका लागि अन्य कार्य गर्न । |

| | | | | |
|---|---|---|---|---|
| २ | वृद्धाश्रम सुदृढिकरण तथा व्यवस्थापन सहयोग कार्यक्रम | मापदण्ड बमोजिम छनौट भएका वृद्धाश्रमहरु | २४,००,०००/ | प्रदेश भरका वृद्धाश्रम सुदृढिकरण तथा व्यवस्थापनमा सहयोग पुर्याउन |
| ३ | बालकल्याण गृहमा आश्रित बालबालिकाहरुका लागि संस्थागत अनुदान | मापदण्ड बमोजिम छनौट भएका बालकल्याण गृहहरु | ४०,००,०००/ | बालगृहमा संरक्षित रहेका बालबालिकाहरुको आधारभुत आवश्यकताहरुलाई पुरा गर्नका लागि आवश्यक सहयोग उपलब्ध गराउन । |
| ४ | अपाङ्गता ग्राम सञ्चालनका लागि नेपाल अपाङ्ग संघ खगेन्द्र नवजिवन केन्द्र झापा शाखालाइ अनुदान | नेपाल अपाङ्ग संघ खगेन्द्र नवजिवन केन्द्र झापा | रु. ५,००,०००। | अपाङ्गता ग्राम संचालन र कार्यान्वयनका लागि । |

४. **अनुदान निकासा प्रकृया:** संस्थाले दफा ३ बमोजिमको अनुदान रकम प्राप्त गर्नका लागि कार्यालयमा संस्थाको आधिकारिक निर्णय सहित दफा ६ मा उल्लिखित कागजातहरु पेश गरेपछि कार्यालय र संस्थाबीच अनुसूची- १ मा उल्लिखित शर्तहरुको अधीनमा रही सम्झौता हुने र सो को आधारमा कार्यालयबाट संस्थालाई अनुदान रकमको निकासा दिइनेछ ।

५. **अनुदान भुक्तानी:** (१) यस मार्गदर्शन बमोजिम अनुदान दिइने रकमको भुक्तानी अवधि चालु आ. व. २०७८/७९ सम्म हुनेछ ।

(२) यस्तो अनुदानको भुक्तानी मन्त्रालयबाट स्वीकृत वार्षिक कार्यक्रम अनुसार हुनेछ ।

**६. संस्थाले पेश गर्नुपर्ने कागजातहरु:** (१) संस्थाले अनुदान रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु कार्यालय समक्ष पेश गर्नुपर्नेछ:

क). संस्था दर्ता र नवीकरण भएको कागजातको प्रतिलिपि

ख) स्थायी लेखा नम्वर ( प्यान) को प्रमाण पत्रको प्रतिलिपि

ग) आ.व. २०७७/७८ को कर चुक्ताको कागजातको प्रतिलिपि

घ) आ.व. २०७७/७८ को लेखा परिक्षण प्रतिवेदन

ङ) सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ मा सूचिकृत भएको प्रमाण-पत्रको प्रतिलिपि

च) संस्थाको कार्य समितिले गरेको अनुदान रकम माग गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि

छ) अनुसूची-२ बमोजिमको ढाँचामा कार्यक्रमको प्रष्ट खुलेको क्रियाकलापगत लागत सहितको कार्यक्रम कार्यान्वयन कार्ययोजना

ज) गत आ.व. मा अनुदान प्राप्त भएको अवस्थामा सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन

७. <u>अनुदान प्राप्त गर्ने संस्थाको दायित्वः</u> यस मार्गदर्शन बमोजिम अनुदान प्राप्त गर्ने संस्थाको दायित्व देहाय बमोजिमको हुनेछः

क) प्राप्त निकासा अनुसार सम्बन्धित जिल्लाको कार्यालयमा कार्यक्रम प्रस्ताव सहितका कागजात पेश गर्ने

ख) कार्यक्रम सञ्चालनको सम्बन्धमा मन्त्रालयतथा कार्यालयबाट हुने अनुगमनमा आवश्यक सहयोग एव समन्वय गर्ने

ग) कार्यक्रम सम्पन्न भएपछि अनुगमन गराई १५ दिनभित्र प्रगति प्रतिवेदन पेश गर्ने

घ) आ.व. सम्पन्न भएको तीन महिनाभित्र कार्यक्रममा भएको सम्पूर्ण खर्चको प्रचलित नियमानुसार लेखा परिक्षण गराई उक्त लेखा परिक्षण प्रतिवेदन कार्यालय समक्ष पेश गर्ने

८. <u>कार्यालयको काम, कर्तव्य र अधिकारः</u> कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छः

क) मन्त्रालयबाट प्राप्त स्वीकृत कार्यक्रम एवं बजेट अनुसार सम्बन्धित संस्थाबाट कार्यक्रम प्रस्ताव सहितका कागजात माग गर्ने

ख) संस्थाबाट प्राप्त प्रस्तावको अध्ययन गरी प्रकृया पुरा गरी पेश भएका प्रस्तावहरुको स्वीकृत गरी सम्झौता गर्ने

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ विराटनगर, नेपाल
विकास अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर

ग) बजेटको सीमा भित्र रहि सम्झौता अनुरुप अनुदान रकम उपलब्ध गराउने

घ) कार्यक्रम कार्यान्वयनमा निरन्तर अनुगमन गर्ने र सो को अन्तिम कार्यसम्पन्न प्रतिवेदन (सम्झौता र खर्चको विवरण सहितको) प्राप्त भएपछि एक प्रति मन्त्रालयमा पठाउने

ङ) कार्यक्रम सञ्चालनको सम्बन्धमा मन्त्रालयबाट हुने अनुगमनमा आवश्यक सहयोग एवं समन्वय गर्ने

९. लेखा परिक्षण, अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः (१) कार्यालयमार्फत प्राप्त अनुदान रकमबाट संस्थाले कार्यक्रमका लागि खर्च गर्दा यस मार्गदर्शनमा उल्लिखित शर्तहरु, सम्झौता तथा प्रचलित कानूनको अधिनमा रही गर्नु पर्नेछ ।

(२) कार्यालयले यस मार्गदर्शन बमोजिम मन्त्रालयबाट प्राप्त अनुदान रकमको प्रचलित कानून बमोजिम लेखा राखी सो को लेखा परीक्षण प्रचलित कानून बमोजिम गराउनु पर्नेछ ।

(३) अनुदान प्राप्त रकम यस मार्गदर्शन अनुरुप खर्च भए नभएको विषयमा कार्यालयले निरन्तर अनुगमन गर्नुपर्नेछ ।

(४) अनुदान रकमको निकासा समयमा भए नभएको र भएको निकासा रकम तोकिएको उद्धेश्य, क्षेत्र र स्थानमा मार्गदर्शनमा उल्लेखित शर्त तथा प्रचलित कानून बमोजिम खर्च भए नभएको सम्वन्धमा मन्त्रालयले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

१०. गुनासो तथा उजुरी सम्बन्धी व्यवस्थाः (१) संस्थाले प्रचलित कानून र यस मार्गदर्शन बमोजिम अनुदानको उचित प्रयोग नगरेको भन्ने बिषयसँग सम्बन्धित विषयमा उजुरी परेमा मन्त्रालयले अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संस्थाले अनुदानको उचित प्रयोग नगरेको कुरा कार्यालय तथा मन्त्रालयको अनुगमनबाट पाइएमा संस्थासँग आगामी दिनमा प्रदेश सरकारले सहकार्य गर्ने छैन ।

११. प्रचलित कानून बमोजिम हुनेः यस मार्गदर्शनमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

१२. संशोधनः मन्त्रालयले यस मार्गदर्शन आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ

विकास अधिकृत

४. दोस्रो पक्षले अनुदान बाट गृहका बालबालिकाहरुको लागि खद्यान्न, लत्ताकपडा, शैक्षिक सामाग्री, प्राथमिक उपचार, खेलकुदका सामाग्रीहरु, खाजा नास्ता विषयमा खर्च गर्नुपर्नेछ । कर्मचारीको तलव, घरभाडा जस्ता प्रशासनिक कार्यमा खर्च गर्न पाईने छैन ।

५. दोस्रो पक्षलाई अनुदान रकम प्रदान गर्दा दुई किस्तामा प्रदान गरिनेछ । पहिलो किस्ता बापत कुल अनुदानको  अनुदानको ६०% र पहिलो किस्ता प्राप्त गरे पश्चात सो कार्यको कार्य सम्पादन प्रतिवेदन र बिल भर्पाई  पेश गरे पश्चात दोस्रो किस्ता वापत ४०% उपलब्ध गराउनेछ।

६. दोस्रो पक्षले तोकिएको ढाँचामा प्रगति प्रतिवेदन सामाजिक प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

७. दोस्रो पक्षले प्रथम पक्षसमक्ष पेश गरेको मर्गदर्शनको दफा ६ बमोजिमको कार्यक्रम कार्ययोजना प्रस्तावमा उललेख गरे बमोजिम अनुदान रकमको उपयोग गरी प्रथम पक्षबाट अनुगमन गराई चालु आ.व. सकिएको १५ दिन भित्र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

८. दोस्रो पक्षले चालु आ.व.  सम्पन्न भए पश्चातको आश्विन मसान्त महिनाभित्र कार्यक्रममा भएको सम्पूर्ण अर्चको प्रचलित नियमानुसार लेखा परिक्षण गराई  लेखा परिक्षण प्रतिवेदन प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।

९. प्रथम पक्षले दोस्रो पक्षले संञ्चादन गरेको बालकल्याण गृहको जुनसुकै समयमा निरिक्षण तथा अनुगमन गर्नेछ । अनुगमनका क्रममा दोस्रो पक्षको कार्यहरु सन्तोषजनक नपाईएमा प्रथम पक्षले स्वीकृत कार्य सर्त बमोजिक शोधभर्ना रोक्का गर्न सक्नेछ ।

१०. कार्यक्रम सञ्चालनका क्रममा प्रथम पक्षबाट उपलब्ध गराईएको रकम भन्दा बढी रकम खर्च हुन गएमा उक्त अतिरिक्त रकमको भुक्तानिको दायित्व दोस्रो पक्षसँग हुनेछ । दोस्रो पक्षले गरेको उक्त अतिरिक्त रकमको भुक्तानीका लागि प्रथम पक्षसँग कुनै किसिमको दावी गर्नेछैन ।

११. दोस्रो पक्षले अनुदानको उचित प्रयोग नगरेको कुरा प्रथम पक्षको अनुगमनबाट देखिएमा दोस्रो पक्षसँग प्रथम पक्षले आगामी कार्यक्रमहरुमा सहकार्य गर्नेछैन ।

१२. यस सम्झौतामा भएका कुराहरु यसै सम्झौता बमोजिम र अन्य कुराहरु मार्गदर्शन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

प्रमुख महिला विकास अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

**बालकल्याण गृहमा आश्रित बालबालिकाहरुको संरक्षणको कार्य सञ्चालन गर्ने संस्था संग गरिने अनुदान**

## सम्झौताको ढाँचा

बालकल्याण गृहमा आश्रीत बालबालिकाहरुको संरक्षण को कार्य गर्नका लागि सञ्चालन भएका बालकल्याण गृहहरुलाई अनुदान प्रदान गर्ने सम्बन्धमा बालकल्याण गृहमा आश्रित बालबालिकाहरुको संरक्षण को कार्य बालकल्याण गृह................र स्वास्थ्य कार्यालय बीच भएको

## सम्झौता – पत्र

आज मिति........... का दिन सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ मा निम्न साक्षीहरुको रोहवरमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा स्वीकृत गरिएको " महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदिशन, २०७८"(यस पछि मार्गदर्शन भनिएको) बमोजिम बालकल्याण गृहमा आश्रित बालबालिकाहरुको संरक्षण गर्नका लागि सञ्चालन भएका बालकल्याण गृहहरुलाई अनुदान प्रदान गर्ने कार्यका लागि तपसिलका बुँदाहरुमा सहमत भई स्वास्थ्य कार्यालय ...........(यस पछि "प्रथम पक्ष" भनिएको)र बालकल्याण गृहमा आश्रित बालबालिकाहरुको संरक्षण को कार्य सञ्चालन गर्ने बालगृह..............(यस पछि "दोस्रो पक्ष" भनिएको) बीच यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लियौं दियौं ।

**सम्झौताका शर्तहरु:**

१. दोस्रो पक्षले यस सम्झौता बमोजिमको प्रदेश नं.१ भित्रका अभिभावकविहिन, संरक्षक विहिन, असाहय बालबालिकाहमरुको उद्धार गरि संरक्षण तथा आवश्यक स्याहार र शारीरिक तथा मानसिक विकास गराउने आश्रयका रुपमा सेवा उपलब्ध गराउनु पर्नेछ ।

२. दोस्रो पक्षले गृहमा संरक्षित बालबालिकाहरुको सुरक्षाको आवश्यक प्रवन्ध गर्नुपर्नेछ ।

३. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रम सञ्चालन गर्नका लागि रु........... अक्षरेपी रु...........उपलब्ध गराउनेछ ।

प्रमुख महिला विकास अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

**दोश्रो पक्षको तर्फवाट**

नामथरः

पदः

दस्तखतः

कार्यालयः

**प्रथम पक्षको तर्फवाट**

नामथरः

पदः

दस्तखतः

कार्यालयः   स्वास्थ्य कार्यालय............

**रोहवर**

नामथरः

पदः

दस्तखतः

कार्यालयः

**रोहवर**

नामथरः

पदः

दस्तखतः

कार्यालयः

प्रमुख महिला विकास अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
बिराटनगर

**बृद्धाश्रमहरुको सुदृढिकरण तथा व्यवस्थापन सहयोग कार्यक्रम अन्तरगत बृद्धाश्रम संग गरिने अनुदान**

**सम्झौताको ढाँचा**

बृद्धाश्रमहरुको सुदृढिकरण तथा व्यवस्थापन सहयोगको कार्य गर्नका लागि सञ्चालन भएका बृद्धाश्रमहरुलाई अनुदान प्रदान गर्ने सम्बन्धमा बृद्धाश्रम ................र स्वास्थ्य कार्यालय .......... बीच भएको

**सम्झौता – पत्र**

आज मिति........... का दिन सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ मा निम्न साक्षीहरुको रोहवरमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा स्वीकृत गरिएको " महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदिशन, २०७८"(यस पछि मार्गदर्शन भनिएको) बमोजिम असहाय ज्येष्ठ नागरिकहरुको संरक्षण कार्य सञ्चालन गरिरहेका बृद्धाश्रमहरुलाई अनुदान प्रदान गर्ने कार्यका लागि तपसिलका बुँदाहरुमा सहमत भई स्वास्थ्य कार्यालय.......... (यस पछि "प्रथम पक्ष" भनिएको)र बृद्धाश्रम..............(यस पछि "दोस्रो पक्ष" भनिएको) बीच यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लियौं दियौं ।

**सम्झौताका शर्तहरु:**

१. दोस्रो पक्षले यस सम्झौता बमोजिमको प्रदेश नं. १ भित्रका संरक्षकत्व विहिन, असाहय वृद्धवृद्धाहरुको उद्धार गरि संरक्षण तथा आवश्यक स्याहार र शारीरिक तथा मानसिक विकास गराउने आश्रयस्थलको रुसमा सेवा उपलब्ध गराउनु पर्नेछ ।,,

२. दोस्रो पक्षले गृहमा संरक्षित वृद्धवृद्धाहरुको सुरक्षाको आवश्यक प्रवन्ध गर्नुपर्नेछ ।

३. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रम सञ्चालन गर्नका लागि रु........... अक्षरेपी रु...........उपलब्ध गराउनेछ ।

४. दोस्रो पक्षले अनुदान बाट बृद्धाआश्रममा रहेकाहरुको लागि खद्यान्न, लत्ताकपडा, शैक्षिक सामाग्री, प्राथमिक उपचार, खेलकुदका सामाग्रीहरु, खाजा नास्ता विषयमा खर्च गर्नुपर्नेछ कर्मचारीको तलव, घरभाडा जस्ता प्रशासनिक कार्यमा खर्च गर्न पाईने छैन ।

महिला विकास अधिकृत

५. दोस्रो पक्षलाई अनुदान रकम प्रदान गर्दा एकै किस्तामा प्रदान गरिनेछ । दोस्रो पक्षले तोकिएको ढाँचामा प्रगति प्रतिवेदन सामाजिक प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

६. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको मार्गदर्शनको दफा ६ बमोजिमको कार्यक्रम कार्ययोजना प्रस्तावमा उललेख गरे बमोजिम अनुदान रकमको उपयोग गरी प्रथम पक्षबाट अनुगमन गराई चालु आ.व. सकिएको १५ दिन भित्र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

७. दोस्रो पक्षले चालु आ.व. सम्पन्न भए पश्चातको आश्विन मसान्त महिनाभित्र कार्यक्रममा भएको सम्पूर्ण अर्चको प्रचलित नियमानुसार लेखा परीक्षण गराई लेखा परीक्षण प्रतिवेदन प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।

८. प्रथम पक्षले दोस्रो पक्षले संञ्चालन गरेको वृद्वाश्रमहरुको जुनसुकै समयमा निरीक्षण तथा अनुगमन गर्नेछ । अनुगमनका क्रममा दोस्रो पक्षको कार्यहरु सन्तोषजनक नपाईएमा प्रथम पक्षले स्वीकृत कार्यशर्त बमोजिम शोधभर्ना रोक्का गर्न सक्नेछ ।

९. कार्यक्रम स्चालनका क्रममा प्रथम पक्षबाट उपलब्ध गराईएको रकम भन्दा बढी रकम खर्च हुन गएमा उक्त अतिरिक्त रकमको भुक्तानीको दायित्व दोस्रो पक्षसँग हुनेछ । दोस्रो पक्षले गरेको उक्त अतिरिक्त रकमको भुक्तानीका लागि प्रथम पक्षसँग कुनै किसिमको दावी गर्नेछैन ।

१०. दोस्रो पक्षले अनुदानको उचित प्रयोग नगरेको कुरा प्रथम पक्षको अनुगमनबाट देखिएमा दोस्रो पक्षसँग प्रथम पक्षले आगामी कार्यक्रमहरुमा सहकार्य गर्नेछैन ।

११. यस सम्झौतामा भएका कुराहरु यसै सम्झौता बमोजिम र अन्य कुराहरु मार्गदर्शन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

| <u>दोश्रो पक्षको तर्फवाट</u> | <u>प्रथम पक्षको तर्फवाट</u> |
|---|---|
| नामथरः | नामथरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयः | कार्यलयः स्वास्थ्य कार्यालय......... |
| <u>रोहवर</u> | <u>रोहवर</u> |
| नामथरः | नामथरः |
| पदः | पदः |

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

दस्तखतः

कार्यालयः

दस्तखतः

कार्याल

## नेपाल अपाङ्ग संघ,खगेन्द्र नवजीवन केन्द्र झापा सँग गरिने सम्झौताको ढाँचा

### सम्झौताको ढाँचा

अपाङ्गता ग्राम सञ्चालनका लागि नेपाल अपाङ्ग संघ, खगेन्द्र नवजीवन केन्द्र, झापा र स्वास्थ्य कायालय, झापा बीच भएको

सम्झौता – पत्र

आज मिति........... का दिन स्वास्थ्य कार्यालय, झापामा निम्न साक्षीहरुको रोहवरमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा स्वीकृत गरिएको " महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदिशन, २०७८"(यस पछि मार्गदर्शन भनिएको) बमोजिम झापाको भद्रपुरमा अपाङ्गता ग्राम सञ्चालनका लागि तपसिलका बुँदाहरुमा सहमत भई स्वास्थ्य कार्यालय, झापा (यस पछि "प्रथम पक्ष" भनिएको) र_नेपाल अपाङ्ग संघ,खगेन्द्र नवजीवन केन्द्र झापा सँग (यस पछि "दोस्रो पक्ष" भनिएको) बीच यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लियौं दियौं

### सम्झौताका शर्तहरु:

१. प्रथम पक्षले दोस्रो पक्षलाई झापाको भद्रपुरमा अपाङ्गता ग्राम सञ्चालन सहयोगका लागि रु ५,००,०००/-(पाँच लाख रुपैयाँ) अनुदान रकम उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षलाई पहिलो पक्षबाट अनुदान रकम प्रदान गर्दा दुई किस्तामा प्रदान गर्नुपर्नेछ । पहिलो किस्ता वापत कुल अनुदानको ६० प्रतिशत र पहिलो किस्ता प्राप्त गरेपश्चात सो कार्यको कार्य सम्पादन प्रतिवेदन पेश गरेपश्चात दोस्रो किस्ता वापत ४० प्रतिशत उपलब्ध गराउनेछ ।

३. दोस्रो पक्षले यस सम्झौता बमोजिमको कार्य सम्पन्न भएपछि प्रथम पक्षबाट अनुगमन गराई चालु आ.व. सकिएको १५ दिन भित्र कार्यक्रम सम्पन्नता सम्बन्धी प्रतिवेदन, बील भर्पाई तथा अन्य आवश्यक कुराहरु संलग्न गरी प्रथम पक्ष संग प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ।

४. दोस्रो पक्षले प्रथम पक्षसमक्ष पेश गरेको मर्गदर्शनको दफा ६ बमोजिमको कार्यक्रम कार्ययोजना प्रस्तावमा उललेख गरे बमोजिम अनुदान रकमको उपयोग गरी प्रथम

पक्षबाट अनुगमन गराई चालु आ.व. सकिएको १५ दिन भित्र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले चालु आ.व. सम्पन्न भए पश्चातको आश्विन मसान्त महिनाभित्र कार्यक्रममा भएको सम्पूर्ण अर्चको प्रचलित नियमानुसार लेखा परिक्षण गराई लेखा परिक्षण प्रतिवेदन प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।

६. कार्यक्रम सञ्चालनका क्रममा प्रथम पक्षबाट उपलब्ध गराईएको रकम भन्दा बढी रकम खर्च हुन गएमा उक्त अतिरिक्त रकमको भुक्तानिको दायित्व दोस्रो पक्षसँग हुनेछ । दोस्रो पक्षले गरेको उक्त अतिरिक्त रकमको भुक्तानिका लागि प्रथम पक्षसँग कुनै किसिमको दावी गर्नेछैन ।

७. दोस्रो पक्षले अनुदानको उचित प्रयोग नगरेको कुरा प्रथम पक्षको अनुगमनबाट देखिएमा दोस्रो पक्षसँग प्रथम पक्षले आगामी कार्यक्रमहरुमा सहकार्य गर्नेछैन ।

८. यस सम्झौतामा भएका कुराहरु यसै सम्झौता बमोजिम र अन्य कुराहरु मार्गदर्शन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

<u>दोश्रो पक्षको तर्फवाट</u>

नामथरः

पदः

दस्तखतः

कार्यलयः

<u>रोहवर</u>

नामथरः

पदः

दस्तखतः

<u>प्रथम पक्षको तर्फवाट</u>

नामथरः

पदः

दस्तखतः

कार्यलयः स्वास्थ्य, कार्यालय झापा

<u>रोहवर</u>

नामथरः

पदः

दस्तखतः

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १

जनस्वास्थ्य निरीक्षण अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

## मानव सेवा आश्रम, विराटनगर, मोरङ्गसँग गरिने अनुदान सम्झौता अनुदान

### सम्झौताको ढाँचा

सहयोगापेक्षी सडक मानवको उद्धार, पुनर्स्थापना, उपचार, पुनर्मिलन, तथा उद्धार पछीको संरक्षणका लागि गर्न अनुदान प्रदान गर्ने सम्बन्धमा मानव सेवा आश्रम, विराटनगर, मोरङ्ग र स्वास्थ्य कार्यालय, मोरङ्गबीच भएको

सम्झौता – पत्र

आज मिति.......... का दिन स्वास्थ्य कार्यालय, मोरङ्गमा निम्न साक्षीहरुको रोहवरमा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयद्धारा स्वीकृत गरिएको " महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने सम्बन्धी मार्गदेशन, २०७८"(यस पछि मार्गदर्शन भनिएको) बमोजिम सहयोगापेक्षी सडक मानवको उद्धार, पुनर्स्थापना, उपचार, पुनर्मिलन, तथा उद्धार पछीको संरक्षणका लागि कार्य गर्न तपसिलका बुँदाहरुमा सहमत भई स्वास्थ्य कार्यालय, मोरङ (यस पछि "प्रथम पक्ष" भनिएको) र मानव सेवा आश्रम, विराटनगर, मोरङ्ग (यस पछि "दोस्रो पक्ष" भनिएको) बीच यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझी लियौं दियौं

<u>सम्झौताका शर्तहरुः</u>

१. दोस्रो पक्षले यस सम्झौता बमोजिमको प्रदेश नं. सहयोगापेक्षी सडक मानव तथा मानसिक स्वस्थ्य सम्बन्धी समस्या भई सडकमा बेवारिसे जीवन बिताइरहेका मानवको उद्धार, पुनर्स्थापना, उपचार, पुनर्मिलन तथा उद्धारपछीको संरक्षणका लागि गर्नुपर्नेछ । यस कार्यको लागि प्रथम पक्षले दोस्रो पक्षलाई रु.२० लाख/-(बीस लाख रुपैयाँ) अनुदान रकम उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षलाई पहिलो पक्षबाट अनुदान रकम प्रदान गर्दा दुई किस्तामा प्रदान गर्नुपर्नेछ पहिलो किस्ता वापत कुल अनुदानको ६० प्रतिशत र पहिलो किस्ता प्राप्त गरेपश्चात सो कार्यको कार्य सम्पादन प्रतिवेदन पेश गरेपश्चात दोस्रो किस्ता वापत ४० प्रतिशत उपलब्ध गराउनेछ ।

३. दोस्रो पक्षलाई अनुदान रकम प्रदान गर्दा एकै किस्तामा प्रदान गरिनेछ । दोस्रो पक्षले तोकिएको ढाँचामा प्रगति प्रतिवेदन सामाजिक प्रथम पक्षलाई बुझाउनु पर्नेछ ।

महिला विकास अधिकृत

४. दोस्रो पक्षले प्रथम पक्षसमक्ष पेश गरेको मर्गदर्शनको दफा ६ बमोजिमको कार्यक्रम कार्ययोजना प्रस्तावमा उललेख गरे बमोजिम अनुदान रकमको उपयोग गरी प्रथम पक्षबाट अनुगमन गराई चालु आ.व. सकिएको १५ दिन भित्र प्रगति प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले चालु आ.व. सम्पन्न भए पश्चातको आश्विन मसान्त महिनाभित्र कार्यक्रममा भएको सम्पूर्ण अर्चको प्रचलित नियमानुसार लेखा परिक्षण गराई लेखा परिक्षण प्रतिवेदन प्रथम पक्ष समक्ष पेश गर्नुपर्नेछ ।

६. अनुदान रकमको उपयोगबाट गरिएको कार्यप्रगतिबारे प्रथम पक्ष र सामाजिक विकास मन्त्रालयबाट गरिने अनुगमनमा दोस्रो पक्षले सहयोग र सहजिकरण गर्नुपर्नेछ ।

७. कार्यक्रम स्ञ्चालनका क्रममा प्रथम पक्षबाट उपलब्ध गराईएको रकम भन्दा बढी रकम खर्च हुन गएमा उक्त अतिरिक्त रकमको भुक्तानिको दायित्व दोस्रो पक्षसँग हुनेछ । दोस्रो पक्षले गरेको उक्त अतिरिक्त रकमको भुक्तानिका लागि प्रथम पक्षसँग कुनै किसिमको दावी गर्नेछैन ।

८. दोस्रो पक्षले अनुदानको उचित प्रयोग नगरेको कुरा प्रथम पक्षको अनुगमनबाट देखिएमा दोस्रो पक्षसँग प्रथम पक्षले आगामी कार्यक्रमहरुमा सहकार्य गर्नेछैन ।

९. यस सम्झौतामा भएका कुराहरु यसै सम्झौता बमोजिम र अन्य कुराहरु मार्गदर्शन तथा प्रचलित कानून बमोजिम हुनेछ ।

| दोश्रो पक्षको तर्फवाट | प्रथम पक्षको तर्फवाट |
|---|---|
| नामथरः | नामथरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| कार्यलयः मानव सेवा आश्रम, विराटनगर, मोरङ्ग | कार्यलयः स्वास्थ्य, कार्यालय मोरङ्ग |

| रोहवर | रोहवर |
|---|---|
| नामथरः | नामथरः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| कार्यालयः | कार्यालयः |

प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं. १

जिल्ला विकास अधिकृत

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

अनुसूची -२

दफा ६ सँग सम्बन्धित

कार्यक्रम कार्यान्वयन कार्ययोजना प्रस्तावको ढाँचा

.....................................कार्यक्रम सञ्चालन गर्न

....................................................संस्थाबाट

स्वास्थ्य कार्यालय....................................समक्ष पेश गरिएको कार्यक्रम कार्यान्वयन कार्यक्रम कार्यान्वयन कार्ययोजनाको प्रस्ताव

१. कार्यक्रमको नाम:

२. कार्यक्रम संचालन गर्ने संस्थाको नाम, ठेगाना:

३. संस्थाको खाता रहेको बैंकको नाम र खाता नं:

४. संस्थाले गर्ने कार्य गर्ने विषय/ कार्यक्षेत्र:

५. कार्यक्रमको उद्देश्य:

६. कार्यक्रम शूरु हुने मिति:

७. कार्यक्रमसम्पन्न हुने मिति:

८. कार्यक्रमको लागत सम्बन्धि:

क) कूल कार्यक्रम खर्च अनुमान रु.

ख) लागत व्यहोर्ने स्रोतहरु:

१. प्रदेश सरकारबाट: रु.

२. संस्थाको आफ्नै श्रोतबाट: रु.

३. अन्य श्रोतबाट: रु.

४. कूल खर्च जम्मा: रु.

९. लाभान्वित संख्या:

क) प्रत्यक्ष लाभान्तवित संख्या:

ख) अप्रत्यक्ष लाभान्वित संख्या:

१०. विस्तृत क्रियाकलापगत विवरण:

| सि.न | क्रियाकलाप | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

महिला विकास अधिकृत

यस कार्ययोजना प्रस्तावमा उल्लिखित कुराको साथै प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले स्वीकृत गरेको महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलत्ब्ध गराउने सम्बन्धी मार्गदर्शन, २०७८ अनुसार स्वास्थ्य कार्यालय, ............................ सँग हुने सम्झौता बमोजिम कार्यक्रम सञ्चालन हुने कुरामा संस्था मञ्जुर गर्दछ ।

संस्था प्रमुखको नामथर:

हस्ताक्षर:

मिति:

संस्थाको छाप: